व्यास नगरकार्यपालिकाको २२२ औं बैठक आज मिति २०८२/०५/०८ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने ज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री बिष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| का.वा. अध्यक्ष | - श्री हर्कबहादुर कार्की | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८२/०४/२२ गते व्यास नगर कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: व्यास नगर नर्सिङ्ग शिक्षा (प्रसुती सेवा) अध्ययन छात्रवृत्ति वितरण कार्यविधि, २०८२ सम्बन्धमा ।
प्रस्ताव नं.३: आ.व.२०८२/०८३ को मादी र सेतीनदी अन्तर्गत ढुङ्गा, गिट्टी, बालुवा टेण्डर प्रकृया सम्बन्धमा ।
प्रस्ताव नं.४: व्यास नगरपालिकाको आ.व.२०८२/०८३ को श्रावण महिनाको आन्तरिक आय सम्बन्धमा ।
प्रस्ताव नं.५: नगरपालिका अन्तर्गतका वडाहरुको सरसफाई र ट्राफिक सुरक्षा सम्बन्धमा ।
प्रस्ताव नं.६: तीज पर्व २०८२ मा सार्वजनिक बिदा दिने सम्बन्धमा ।
प्रस्ताव नं.७: सामाजिक सुरक्षा भत्ता नवीकरण एवं खाता सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.८: पृथ्वी राजमार्ग सडक क्षेत्रमा विज्ञापन बोर्ड राख्ने एवं भित्ते लेखन सम्बन्धमा ।
प्रस्ताव नं.९: नेपाल शहरी तथा क्षेत्रीय अध्ययन प्रतिष्ठानसँग सहकार्य गर्ने सम्बन्धमा ।
प्रस्ताव .१०: वित्तीय संस्थासँग ऋण लिने व्यक्तिहरु र बैंकहरुसँग समन्वय गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरुको सरसफाई व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१२: प्रमुख प्रशासकीय अधिकृतहरुको विदाई एवं स्वागत सम्बन्धमा ।
प्रस्ताव नं.१३: स्वास्थ्य कर्मचारीलाई इन्धन तथा सञ्चार सुविधा दिने सम्बन्धमा ।
प्रस्ताव नं.१४: वडा नं.३ को कार्यालय भवनको नक्सापास सम्बन्धमा ।
प्रस्ताव नं.१५: स्थानीय पाठ्यक्रम (हाम्रो व्यास नगर शिक्षा) परिमार्जन सम्बन्धमा ।
प्रस्ताव नं.१६: स्थानीय पाठ्यक्रम (हाम्रो व्यास नगर शिक्षा) सिकाई सहजीकरण निर्देशिका छपाई सम्बन्धमा ।
प्रस्ताव नं.१७: प्रधान अध्यापक नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१८: नेपाल सरकार भूमि समस्या समाधान आयोगको सूचना सम्बन्धमा ।
प्रस्ताव नं.१९: भेरिएसन स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२०: समपूरक योजना लगायतको श्रोत एकिन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२१: विभिन्न टेण्डर स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२२: उद्योगहरु नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.२३: सवारी साधन खरिद सम्बन्धमा ।
प्रस्ताव नं.२४: अत्यावश्यक विपद्‌जन्य कार्य एवं उपचार सहयोग सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/०४/२२ गते व्यास नगर कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगर नर्सिङ्ग शिक्षा (प्रसुती सेवा) अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८२/०८३ का लागि वातावरणीय अध्ययन प्रतिवेदनको सिफारिस र प्राविधिक प्रतिवेदनका आधारमा वडा नम्बर १३ र १४ मा पर्ने सेती नदीतर्फ र वडा नम्बर ५, ६, ७, १० अन्तर्गतको मादी नदीतर्फको ढुङ्गा, गिट्टी, बालुवाको प्रदेश कानुन र व्यास नगर आर्थिक ऐन, २०८२ ले तोकेको दररेटमा टेन्डर प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८२/०८३ को आन्तरिक आय अनुमानित कुल रू.२०,००,००,०००। (अक्षेरुपी बीस करोड) रहेकोमा श्रावण महिनामा जम्मा रू.१,०८,५७,६७२।४६ (अक्षेरुपी एक करोड आठ लाख सन्ताउन्न हजार छ सय बहत्तर र पैसा छयालीस) आम्दानी भएको बैठकमा जानकारी प्राप्त गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका शहरी, अर्धशहरी र ग्रामीण वडाहरूमा भएका सडकहरूमा नाला सफाई, सडक सफाई, जेब्रा क्रसिङ्ग लगायतका कार्यहरू सम्बन्धित टोल विकास संस्थाहरूसँग सहकार्य गरी आवश्यक रकम वडा बजेटबाट व्यवस्थापन गर्न गराउन सबै वडा कार्यालयहरूलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/०५/१० गते मङ्गलबार हरितालिका तीज पर्व परेकाले उक्त दिन नगरपालिका अन्तर्गतका (अति आवश्यक सेवा बाहेक) कार्यालयहरूलाई सार्वजनिक विदा दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा नगरपालिका भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक, एकल महिला र अपाङ्गता हुनेहरूको कुल संख्या ७,९६० भएको र २०८२ भाद्र ६ गतेसम्म ६,६६७ ले मात्र नवीकरण गरी १,२९३ नवीकरण हुन बाँकी देखिएकाले भाद्र महिनाभित्र नवीकरण गर्न गराउन र आश्विन भित्र आफ्ना नाममा वित्तीय संस्थाहरूमा खाता खोल्न बाँकी १०० जना देखिएकाले खाता खोल्न लगाउन सबै वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा पृथ्वी राजमार्ग अन्तर्गत भोर्लेटार चोक लगायतका भित्री एवं सडक क्षेत्रमा नगरपालिकाको अनुमति लिएर मात्र विभिन्न विज्ञापनका बोर्डहरु राख्न र भित्तेलेखन गर्न दिइने हुँदा सम्बन्धित सबैमा सूचित गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका र नेपाल शहरी तथा क्षेत्रीय अध्ययन प्रतिष्ठान (नियर्स) ललितपुर बीच व्यास नगरपालिकाको नीति निर्माण योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी सहकार्य गर्ने सम्झौता गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका विभिन्न ऋण लिने ऋणीहरूले ऋण रकम नबुझाउँदा कतिपय बैंकहरूले लिलाम प्रक्रिया अगाडि बढाउँदा मूल्याङ्कन घटाइएको, लिलाम हुने ऋणीलाई लाभांस तिराइएको, विभिन्न प्रक्रियामा ऋणीहरूलाई सहभागी नबनाइएको कारणले ऋणी र बैंकहरू बीच कटुता सिर्जना भएको सन्दर्भमा ऋणीहरू र बैंकका प्रतिनिधिहरू बीच नगरपालिकाको मध्यस्थतामा छलफल समेत भएको हुँदा ऋणी र बैङ्कका प्रतिनिधिहरु बीच पर्याप्त छलफल गराएर मात्र प्रक्रिया अघि बढाउन सबै वडा कार्यालयहरूलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका निम्न लिखित ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थलहरूको सरसफाई सुरक्षा र नियमित पुजा व्यवस्थापनका लागि नगरपालिकाबाट सम्बन्धित समिति वा टोल विकास संस्था मार्फत हाललाई रू.१,००,०००। (अक्षेरुपी एक लाख) शीर्षक नं.७० बाट खर्च हुने गरी सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (१) बधस्थल सरसफाई | – वडा नं.३ | रू.१,००,०००। |
| (२) व्यास शिवपाञ्चायन क्षेत्र सरसफाई | – वडा नं.३ | रू.१,००,०००। |
| (३) मानहुँकोट सरसफाई | – वडा नं.५ | रू.१,००,०००। |
| (४) कालिका मन्दिर सरसफाई | – वडा नं.४ | रू.१,००,०००। |
| (५) गलेखामकोट मन्दिर सरसफाई | – वडा नं.६ | रू.१,००,०००। |
| (६) तनहुँसुर दरबार क्षेत्र सरसफाई | – वडा नं.११ | रू.१,००,०००। |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा विगत १५ महिनादेखि कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री काशी राम गैरे हालसालै नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सरुवा भई जानु भएकाले वहाँलाई धन्यवाद सहित विदाई गर्ने र सरुवा भई आउनु हुने प्रमुख प्रशासकीय अधिकृत श्री सुकदेव लम्साललाई स्वागत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्वास्थ्य तथा जनसंख्या शाखामा कार्यरत ३ जना अधिकृत तहका कर्मचारीहरुलाई मासिक रू.१०००। (एक हजार) सञ्चार खर्च बजेट शीर्षक

नं.३१८ बाट खर्च हुने गरी (संघीय सरकार सशर्त अनुदान प्राथमिक स्वास्थ्य सेवा) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ को कार्यालय भवनको निर्माण प्रकृयामा नियमानुसार नक्सापास गर्नुपर्ने देखिंदा वडा नं.३ को प्रस्ताव अनुसार बजेट शिर्षक नं.७२ बाट रू.८५,३०३।४४ (अक्षेरुपी पचासी हजार तीन सय तीन रुपैंया पैसा चौवालीस) भुक्तानी हुने गरी नक्सापास प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा स्थानीय पाठ्यक्रम “हाम्रो व्यास नगर शिक्षा” परिमार्जन गरी खरिद प्रकृया पुरा गरी छपाई गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा स्थानीय पाठ्यक्रम (हाम्रो व्यास नगर शिक्षा) सिकाई सहजीकरण निर्देशिका छपाई गर्न आवश्यक देखिएकाले नगरसभाबाट विनियोजित रकमको सीमामा रही खरिद प्रकृया पूरा गरी छपाई गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित विद्यालयका प्रधान अध्यापक नियुक्ति अनुमोदनका लागि सिफारिस भई आएकाले अनुमोदन गर्ने निर्णय गरियो ।

(१) अमृत आ.वि. व्यास ६ श्री रविचन्द्र वाग्ले

(२) जनकल्याण प्रा.वि. व्यास ११ श्री मदन अधिकारी

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार भूमि समस्या समाधान आयोगको विगत आयोग समिति र कार्यदलका बाँकी कामका लागि र भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीले निवेदन दिने सम्बन्धी ३५ दिने म्याद मिति २०८२/४/३० गते प्रकाशन भएकाले सम्बन्धित वडा मार्फत लगत संकलन गर्न सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत विश्व बैंकको अनुदान सहयोगमा यस नगरपालिका अन्तर्गत वडा नं.११, १०, ९ र ७ मा पर्ने पराशर मार्ग (बुल्दीखोला, बेल्टारी, फराकचौर, अधेरीभञ्ज्याङ, पोखेलफाँट, कुमालगाउँ समता स्कुल कलेस्ती सडक) स्तरोन्नति आयोजना कार्यान्वयन कार्यका लागि Design and Supervision Consultant का रुपमा BOTEK GOEC JV KATHMANDU र व्यास नगरपालिका बीच उक्त सडकको डिटेल डिजाइन, इष्टिमेट र निर्माण कार्यको सुपरभिजन कार्यका लागि सम्झौता भएकोमा निर्माण कार्यको ठेक्का पाएको निर्माण व्यवसायी BKHTDCL-ACPL JV ले सन् २०२५ जुलाई १५ मा सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्ने निर्माण कार्य सम्पन्न नगरेको हुँदा योजनाको म्याद मिति २०८२ माघ मसान्तसम्म थप गरिएको हुँदा Design and Supervision Consultant को समेत म्याद मिति २०८२ माघ मसान्तसम्म थप गरिएको साथै DSC को म्याद थप भएकोले सो अवधिको लागि आवश्यक Team Leader, Supervision and Quality Control Engineer, Social Expert, Envirnmental Expert, Survey Cum CAD Engineer र कार्यालय व्यवस्थापन कार्य वापतको Manpower तथा कार्यालय व्यववस्थापन वापतको थप जनशक्ति र कार्यालय सञ्चालन वापतको रकम Variation गर्नुपर्ने हुन्छ । यसका साथै NUGIP/PCO को मिति २०८२।४।१ (चलानी नं.१४, २०८२।०८३) को पत्र अनुसार सोही आयोजना अन्तर्गत रु.१२ करोडको परिधिभित्र रहेर Detial Project Report (DPR)/ Envirnmental Social Impact Assessment (ESMP) प्रतिवेदनहरु तयार गरी यथाशिघ्र पठाउन अनुरोध भए अनुसार व्यास नगरपालिकाको मिति २०८२।४।७ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार व्यास ५ र ६ मा पर्ने माहेन्द्री मार्ग र व्यास १३ र १४ मा पर्ने केशवटार मार्गको खण्डहरु कार्यान्वयन गर्न गरेको निर्णय अनुसार सो सडक खण्डको सर्भे, ड्रइङ, डिजाइन तथा वातावरणीय सामाजिक अध्ययन गरी सो प्रतिवेदन स्वीकृतिको आधारमा थप नयाँ योजना कार्यान्वयनमा जाने भएकोले DSC को माथि उल्लेखित माघ मसान्तसम्मको पुरानो कार्यको सुपरभिजन कार्य गर्ने गरी हुने भेरिएसनमा थप नयाँ आयोजनाको सर्भे, ड्रइङ, डिजाइन तथा वातावरणीय सामाजिक अध्ययनको लागि समेत Manpower थप गर्नुपर्ने भएकोले DSC को सुपरभिजन कार्य सहित नयाँ योजानको लागि सर्भे डिजाइनको कार्य गर्न एकमूष्ठ Team Ledar, Bridge/Structural Engineer, Hydraulic Engineer, Supervision and Quality

Control Engineer, Environmental Specialist, Social Development Specialist , Procurement Specialist ,Geotechnical Engineer, Road Safety Engineer, Inspector Of Works (IOW) /Survey Cum CAD Engineer लगायत र कार्यालय सञ्चालनको लागि PIM को अधीनमा ५ प्रतिशत COST भित्र रहने गरी PCO, PMST समेतको राय सल्लाह र संलग्न Variation-2 को कागजातका आधारमा मु.अ.कर सहित रू.६५,६२,१५८।६० बराबरको भेरिएसन गर्नुपर्ने भनी योजना तथा पूर्वाधार शाखाबाट सिफारिस भै आएबमोजिम भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा (१) व्यास नगरपालिका वडा नं.७ र ८ अन्तर्गत कालिका मार्ग निर्माणको योजनाको लागि गण्डकी प्रदेश सरकारको समपूरक अनुदान र व्यास ११ स्थित खड्गकाली मोटर मार्ग निर्माणको लागि संघीय सरकारको समपूरक अनुदान अन्तर्गत बजेट विनियोजन भएकोमा ४३ औ नगर सभाबाट विनियोजन भएको न.पा. दायित्व तर्फको देहाय बमोजिमको रकम तपशिलमा उल्लेखित शीर्षकहरुबाट खर्च व्यहोर्ने गरी बोलपत्र आब्हान गर्ने गर्ने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | योजनाको कुल रकम | संघ/प्रदेशबाट स्वीकृत रकम | न.पा.ले बेहोर्ने रकम |
|---|---|---|---|---|
| १ | कालिका शहिद मार्ग स्तरोन्नति | रु.१,७७,००,००० | रु.५३,०७,०००। | रु.१,२३,९३,०००।– (रु.५६,९३,०००।– रातो कितावको सि.नं. ८६१ स्था.रा.बां बाट र रु.६७०००००।– सि.नं.८६९ लागत सहभागिता मध्येबाट) |
| २ | खड्गकाली मार्ग स्तरोन्नति | रु.३,३३,३४,००० | रु.१,००,००,००० | रु.२३,३३,४०००।– (रु.१,००,००,०००।– रातो कितावको सि.नं.८५२ स्था.रा.बां बाट र रु.१३३३४०००। सि.नं.८६६ सरसफाई जग्गा खरिद व्यवस्थापन मध्येबाट) |

(२) व्यास नगरपालिका वडा नं. ८, ११ र १४ को शहरी स्वाथ्य केन्द्र भवन निर्माणको लागि प्राविधिक लागत अनुमान बमोजिम ४३ औ नगरसभाबाट विनियोजन भएको रकम अपुग हुन गएकोले अपुग रकम तपशिलमा उल्लेखित शिर्षकहरुबाट खर्च व्यहोर्ने गरी बोलपत्र आब्हान गर्ने गर्ने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | योजनाको कुल रकम | संघ/प्रदेशबाट स्वीकृत रकम | न.पा.ले बेहोर्ने रकम |
|---|---|---|---|---|
| १ | रिस्ती २ स्वास्थ्य चौकी भवन निर्माण | रु.३०,७२,००० | ०० | रु.३०,७२,०००।– (रु.२५,००,०००।– रातो कितावको सि.नं. ९२५ स्था.रा.बां बाट र रु.५,७२,०००।– सि.नं.८६८ लागत सहभागिता मध्येबाट) |
| २ | बेल्टारी शहरी स्वास्थ्य केन्द्र भवन निर्माण व्यास ११ | रु.२८,९०,००० | ०० | रु.२८,९०,०००।– (रु.२५,००,०००।– रातो कितावको सि.नं. ९४२ स्था.रा.बां बाट र रु.३९००००।– सि.नं.८६८ लागत सहभागिता मध्येबाट) |
| ३ | केशवटार स्वास्थ्य चौकी भवन निर्माण व्यास १४ | रु.३०,७२,००० | ०० | रु.३०,७२,०००।– (रु.२५०००००।– रातो कितावको सि.नं. ९६६ स्था.रा.बां बाट र रु.५,७२,०००।– सि.नं.८६८ लागत सहभागिता मध्येबाट) |

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा (३) विभिन्न आय ठेक्काहरु सञ्चालनको लागि सिलबन्दी दरभाउपत्र आब्हान गरिएकोमा दर्ता हुन आएका विभिन्न फर्म/व्यक्तिका दरभाउपत्रहरु मध्ये न.पा मूल्यांकन समितिको सिफारिसमा तपशिल बमोजिमका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम | ठेक्का नं. | फर्म/व्यक्तिको नाम | कबोल रकम रू. |
|---|---|---|---|---|
| १ | व्यास नगरपालिका कार्यालयबाट निर्मित व्याड्मिन्टन कभर्ड हल भाडामा लगाउने कार्य व्यास ३ | REV/VYASMUN/02/2082.83 | व्यास नगर व्याड्मिन्टन क्लब | १,२०,१००।– |
| २ | सार्वजनिक शौचालय भाडामा लगाउने | REV/VYASMUN/02/2082.83 | श्री भवनबहादुर उपरकोटी | ३,६६,०००।– |

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट अनुमति पत्र जारी गरी सञ्चालनमा रहेका तर म्याद सकिएको ९ महिना भित्र पनि नवीकरण हुन नसकेका स्लेट ढुङ्गा कटिङ्ग उद्योग, स्लेट ढुङ्गा खानी उद्योग लगायतका कुनैपनि घरेलु उद्योगहरुलाई कार्यविधिमा उल्लेखित तथा आवश्यक कागजातहरु संलग्न गरेको अवस्थामा नियमित दस्तुरको तेब्बर दस्तुर बरावरको जरिवाना लिई हरेक आर्थिक वर्षको नियमानुसार लाग्ने दस्तुर समेत लिई नवीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा कार्यालय प्रयोजनका लागि बजेट शिर्षक नं.६० बाट खर्च हुने गरी २ (दुई) थान दुई पाङग्रे सवारी साधन नियमानुसार खरिद गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा विपद्जन्य कार्य, उपचार एवं खानेपानी जस्ता अत्यावश्यक कार्यमा मात्र निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | सशी गुरुङ्ग, रैथाने कुखुरा व्यवसाय विभिन्न मेशिन खरिद | १ | २५,०००।– | १४२ |
| २. | तनहुँ सञ्चार सहकारी संस्था लिमिटेड सहयोग | २ | ५०,०००।– | ११६ |
| ३. | देवी श्रेष्ठ, उपचार सहयोग | २ | २५,०००।– | ६१ |
| ४. | राजकुमार परियार, मृगौला पीडित उपचार सहयोग | २ | २०,०००।– | ६१ |
| ५. | वेदव्यास टोलका ब्याड्मिण्टन कोडमा शौचालय पानी जोड्ने | ४ | १३,०००।– | ८७६ |
| ६. | पराशर पार्क सरसफाई व्यवस्थापन | ५ | १५,०००।– | ७० |
| ७. | आसिम मिया इन्जिनियरिङ्ग अध्ययन सहयाग | ६ | ३०,०००।– | ८५ |
| ८. | असलम मिया फार्मेसी अध्ययन सहयोग | ६ | ३०,०००।– | ८५ |
| ९. | इन्दु मा.वि. तोडफोड भएको विद्युतीय सामाग्री खरिद | ६ | २५,०००।– | ८७७ |
| १०. | शिशाघाट महिला समूह तीज गीत प्रतियोगिता सहयोग | ६ | २५,०००।– | ११६ |
| ११. | बृत्तबहादुर गुरुङ्गको ४ बाखा बाघले मारिदिएको | ७ | २०,०००।– | विपद् |
| १२. | रामकुमार सुनार, अपाङ्गता मेशिन खरिद सहयोग | ९ | ४०,०००।– | १०९ |
| १३. | उजेली तामाङ्ग, उपचार सहयोग | १० | २५,०००।– | ६१ |
| १४. | द्वन्द पीडित चित्रबहादुर थापा, अपाङ्गता सहयोग | बन्दिपुर ३ | २०,०००।– | १०९ |

***